शिक्षा मन्त्रालय

# बुलेटिन

शिक्षा मन्त्रालयद्वारा प्रकाशित-चौमासिक बुलेटिन

२०७० साउन-कात्तिक वर्ष १ अङ्क १


## सम्पादकीय

शिक्षा मन्त्रालयबाट हुने नीतिगत निर्णयहरू, चौमासिक प्रगति विवरण, विभिन्न समयमा हुने गरेका गोष्ठी, सेमीनारहरू, सूचनाहरू, असल अभ्यासहरू तथा समसामयिक तथ्याङ्कहरूलाई विद्युतीय माध्यम, वार्षिक प्रकाशन तथा शैक्षिक झलकबाट सरोकारवालाहरूलाई जानकारी गर्दै आएकामा सूचनालाई अझ बढी एकत्रित गरी चौमासिक रूपमा प्रकाशन गरी सरोकारवालाहरू समक्ष पुऱ्याउन मन्त्रालयले यो प्रयास गरेको छ। पहिलो प्रकाशन भएको हुँदा तथा प्रकाशनमा समेत ढिलाइ भएको कारणले गर्दा प्रकाशनको समय सम्म प्राप्त सूचनालाई यसमा समावेश गरिएको छ।

मन्त्रालयको यो विगतकै सोचाइको निरन्तरता हो । यस बुलेटिनलाई अझ उत्कृष्ट बनाई सरोकारवालाहरूले चाहेको सूचना प्राप्तिको लागि भावी दिनहरूमा गर्नु पर्ने प्रयासका सम्बन्धमा समस्त पाठक वर्ग एवं सरोकारवालाहरूबाट अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा सदैव सहयोग, सल्लाह तथा सुझाव प्राप्त हुने अपेक्षा गर्दछ।




## यस भित्र


| शीर्षक | पृष्ठ |
|---|---|
| प्रारम्भिक तहको पढाइ सिप सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक | २ |
| राष्ट्रिय शिक्षा दिवस तथा अन्तरराष्ट्रिय साक्षरता दिवस, २०७० सम्पन्न | २ |
| पढाइ सिपसँग सम्बन्धित साधनको अनुकूलन कार्यशाला सम्पन्न | ३ |
| शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विषयक सेमीनार सम्पन्न | ३ |
| विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० जारी | ३ |
| समायोजित कर्मचारीहरूको पदस्थापन अन्तिम चरणमा | ३ |
| प्राथमिक तहका बालबालिकाहरूको सिकाइ प्रवर्धन सम्बन्धी गोष्ठी सम्पन्न | ४ |
| अध्ययन प्रतिवेदन सार्वजनिक | ४ |
| पुस्तकालय दिवस सम्पन्न | ५ |
| शिक्षा मन्त्रालय अन्तर्गतका विभिन्न शाखावाट सम्पादन भएका कार्यहरू | ५-६ |
| छात्रवृत्ति शाखाको अनुरोध | ७ |
| अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखाको अनुरोध | ७ |


बाल मैत्री, अनिवार्य शिक्षा, ज्ञान र सिपको सुनिश्चितता

# प्रारम्भिक तहको पढाइ सिप सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक

नीति निर्धारण समितिको सचिवालयले गत भदौ महिनामा चार जिल्ला धनकुटा, रसुवा, कपिलवस्तु र बाँकेमा प्रारम्भिक तहको पढाइ सिप सम्बन्धी अध्ययन गरेको थियो । विद्यालय क्षेत्र सुधार कार्यक्रमको मध्यावधि मूल्याङ्कन (२०१२) ले प्राथमिक तहका विद्यार्थीहरूको पढाइ सिप कमजोर देखाएपछि कक्षाकोठामा पढाइ सिपको अवस्था, तिनको अभ्यास पत्ता लगाई सुधारका लागि सुझाव प्रस्तुत गर्न उक्त अध्ययन गरिएको थियो।

अध्ययन प्रतिवेदनले विद्यालय तहमा नेपाली विषयको सट्टा अङ्ग्रेजी, गणित तथा विज्ञान जस्ता विषयलाई बढी प्राथमिकता दिइएको तथा नेपाली विषयलाई भन्दा अङ्ग्रेजी विषयको लागि बढी समय छुट्याएको देखाएको छ । त्यस्तै, विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी प्रयोगमा नआउनु, शिक्षकलाई पढाइ सिप सम्बन्धी पर्याप्त तालिमको अभाव हुनु, विद्यार्थी कमजोर भएको शिक्षकलाई थाहा हुँदा हुँदै पनि केही सहयोग नगर्नु, बालकको रुचि तथा चाहनालाई पाठ्य पुस्तकले प्रतिनिधित्व गर्न नसक्नु, विद्यार्थीको क्षमता भन्दामाथिल्लो तहको पाठ्य पुस्तक हुनु, शिक्षण विधि शिक्षक केन्द्रित हुनु, पढाइ सिपको विकास सम्बन्धी कुनै विशिष्ट प्रावधान नहुनु, स्रोत व्यक्ति कमै मात्रामा कक्षाकोठामा पुगी सिकाइलाई सहयोग गर्नु, स्रोत व्यक्तिहरू प्रशासनिक कार्यमा बढी व्यस्त हुनु, अभिभावकहरूले कमै मात्रामा बालबालिकाहरूको पढाइमा ध्यान दिनु, शिक्षकले भनेको विद्यार्थीले ध्यान दिएर नसुन्नु, शिक्षकको कक्षाकोठामा गतिशीलताको कमी हुनु तथा मातृभाषाले पढाइ सिपमा सहयोग नगर्नु जस्ता पक्षहरूले सिकाइमा प्रभाव पारेको उक्त अध्ययनले देखाएको छ।

विद्यार्थीको पढाइ बानी तथा संस्कृतिको विकास गर्नु, शिक्षकले विद्यार्थीको पढ्ने बानीको लागि सहयोग गर्नु, कक्षा कोठामा बुक कर्नरको प्रभावकारी प्रयोग गर्नु, शिक्षकले विद्यार्थीलाई पढाइको लागि प्रोत्साहन गर्नु, स्रोत व्यक्तिहरूको काम, कतर्व्यमा पुनरावलोकन गर्नु, शैक्षिक जनशक्ति विकास केन्द्र तथा शैक्षिक तालिम केन्द्रको भूमिकामा सवलीकरण गरिनु, समस्याको निदान, तयारी तथा सन्दर्भ सामग्रीको विकास जस्ता कार्यको लागि विकास साझेदारहरूसँग संयुक्त बैठक बसी प्रारम्भिक पढाइ सिपमा उनीहरूको योगदान बढाउन सक्दा पढाइ सिपको विकास गर्न सकिने तथ्य उक्त अध्ययनले जनाएको छ।

★

# राष्ट्रिय शिक्षा दिवस तथा अन्तरराष्ट्रिय साक्षरता दिवस, २०७० सम्पन्न

"बाल मैत्री, अनिवार्य शिक्षा, ज्ञान र सिपको सुनिश्चितता" भन्ने नाराका साथ राष्ट्रिय शिक्षा दिवस तथा अन्तरराष्ट्रिय साक्षरता दिवस भव्यताका साथ सम्पन्न भएको छ। सो अवसरमा सम्माननीय राष्ट्रपति डा.रामवरण यादवज्यूबाट नेपाल विद्याभुषण पदक क श्रेणी १५२ जना, नेपाल विद्याभुषण पदक ख श्रेणी ५८ जना, नेपाल विद्याभुषण पदक ग श्रेणी २० जनालाई तथा स्नातक तहको नेपाल छात्र विद्यापदक १३ जनालाई र प्रमाणपत्र तहको नेपाल छात्रा विद्यापदक ५ जनालाई वितरण गर्नु भएको थियो। शिक्षा मन्त्रालयद्वारा राष्ट्रिय शिक्षा दिवस तथा अन्तरराष्ट्रिय साक्षरता दिवस सम्बन्धी मूल कार्यक्रमको आयोजना नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा गरिएको थियो । कार्यक्रमको उद्घाटन मन्त्रिपरिषद्का सम्माननीय अध्यक्ष खिलराज रेग्मीज्यूले गर्नुभएको थियो। कार्यक्रममा माननीय शिक्षा मन्त्री माधव प्रसाद पौडेलज्यू, सचिवज्यू तथा शिक्षा मन्त्रालय र अन्तरगतका केन्द्रीय निकायका पदाधिकारीहरू, सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीहरू एवं सरोकारवालाहरूको व्यापक उपस्थिति रहेको थियो।

शिक्षा दिवसकै अवसर पारेर शिक्षा विभागबाट प्रकाशित शैक्षिक स्मारिका तथा अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित साक्षरता विशेषाङ्क-२०७० को विमोचन गरिएको थियो। साथै, नेपाल प्रज्ञा प्रतिष्ठानमा शैक्षिक मेला र सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिएको थियो।

राष्ट्रिय शिक्षा दिवसको अवसरमा सामुदायिक विद्यालयतर्फ राष्ट्रिय शिल्ड, ध्वजा, प्रमाणपत्र र रु. २,००,००० नगद पुरस्कार श्री बेनी सामुदायिक माध्यमिक विद्यालय, बेनीले प्राप्त गरेको थियो भने नगद रु. १,००,००० र क्षेत्रीय शिल्ड, ध्वजा तथा प्रमाणपत्र प्राप्त गर्ने विद्यालयहरू पूर्वाञ्चलबाट श्री स्कुलचौन माध्यमिक विद्यालय, महारानीझोडा, झापा, मध्यमाञ्चलबाट श्री तरुण माध्यमिक विद्यालय, बालाजु, काठमाडौं, पश्चिमाञ्चलबाट बालमन्दिर माध्यमिक विद्यालय, नदीपुर, कास्की, मध्यपश्चिमाञ्चलबाट श्री कनकासुन्दरी माध्यमिक विद्यालय, लड्कु जुम्ला तथा सुदुरपश्चिमाञ्चलबाट गोकुलेश्वर माध्यमिक विद्यालय, महरगाँउ बैतडी रहेका छन्। त्यस्तै, घोषित दुर्गम क्षेत्रबाट नगद रु. १,००,००० श्री रत्न माध्यमिक विद्यालय वगडीपाटा, बझाङले प्राप्त गरेको छ । संस्थागत विद्यालयतर्फ राष्ट्रिय शिल्ड, ध्वजा, प्रमाणपत्र तथा नगद रु २,००,००० श्री जेम्स (ग्रेडेड इङलिस मिडियम) स्कुल, ललितपुरले प्राप्त गरेको छ। क्षेत्रीय शिल्ड, ध्वजा, प्रमाणपत्र तथा नगद रु १,००,००० प्राप्त गर्नेविद्यालयहरुमा पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलबाट क्रमश : श्री बालकल्याण विद्यामन्दिर माध्यमिक विद्यालय, मोरङ, श्री नाइटिङ्गल माध्यमिक विद्यालय, कुपण्डोल, ललितपुर, श्री न्यूहोराइजन इङ्लिस बोडिङ स्कुल, रुपन्देही, श्री गोरखा युनाईटेड पब्लिक स्कूल, बाँके र श्री इन्टरनेशनल पब्लिक स्कुल महेन्द्रनगर कञ्चनपुर रहेका छन्।

# पढाइ सिपसँग सम्बन्धित साधनको अनुकूलन कार्यशाला सम्पन्न

शिक्षा मन्त्रालय तथा युएसएडको आयोजनामा न्यूएरा र रिसर्चट्र्याङ्गल इन्स्टिच्यूट इन्टरनेशनल (आरटिआइ)को प्राविधिक सहयोगमा पढाइ सिप प्रर्वधनको लागि शिक्षण अवलोकन अध्ययन तथा शैक्षिक व्यवस्थापन दक्षता सम्बन्धी अनुसन्धान साधन अनुकूलन कार्यशाला मिति २०७०/८/९-१३ सम्म इन्टरनेसनल क्लब सानेपा, ललितपुरमा सम्पन्न भयो।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थीहरुको पठन सिप सम्बन्धी अन्तरराष्ट्रियस्तरमा अध्ययनको लागि तयार गरिएको साधनलाई नेपालको सन्दर्भमा कसरी प्रयोग गर्न सकिन्छ, भन्ने विषयमा सो कार्यशाला केन्द्रित रहेको थियो। कार्यशालामा आर.टि.आइबाट प्रस्तुत शिक्षक अन्तरवार्ता, विद्यालय व्यवस्थापन समितिसँग सम्बन्धित साधन, स्रोत केन्द्र, शैक्षिक तालिम केन्द्र तथा कक्षा अवलोकनसँग सम्बन्धित साधनको बारेमा छलफल गरी नेपालको सन्दर्भ अनुसार संशोधन गरिएको थियो। सो कार्यको लागि ललितपुर जिल्लाको जिल्ला शिक्षा कार्यालय, पाटन अगुवा स्रोत केन्द्र तथा जिल्लाका तिन विद्यालयहरूको स्थलगत अवलोकन भ्रमण समेत गरी साधनमा संशोधन गरी अन्तिम रूप दिइएको थियो।

# शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विषयक सेमीनार सम्पन्न

शिक्षा मन्त्रालयको सहयोग तथा काठमाडौं विश्व विद्यालय, स्कुल अफ एजुकेसन र युनेस्को काठमाडौंको आयोजनामा मङ्सिर १४ र १५ गते शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विषयक दुई दिने सेमीनार ललितपुर जिल्लाको गोदावारीमा सम्पन्न भयो। कार्यक्रममा इन्फरमेसन कम्युनिकेसन टेक्नोलोजी (आइसिटी) इन एजुकेसन मास्टर प्लान २०१३-१७ तथा नेपालको विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको वर्तमान अवस्थाका सम्बन्धमा शिक्षा मन्त्रालयका सहसचिव महाश्रम शर्माज्यूले आफ्नो भनाइ राख्नु भएको थियो। काठमाडौं विश्व विद्यालय, स्कुल अफ् एजुकेसनका प्राध्यापक मनप्रसाद वाग्ले (पिएचडी)ले एसियाली मुलुकहरूले सूचना तथा सञ्चार प्रविधिमा गरेको प्रगतिको सन्दर्भलाई उठान गर्दै ती मुलुकले सूचना तथा सञ्चार प्रविधिको विकासमा भोग्नु परेको समस्या औंल्याउँदै नेपालले ती समस्याको सन्दर्भमा बेलैमा सचेत हुँदै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तारको सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। साथै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई कसरी विस्तार गर्न सकिन्छ तथा शिक्षा मन्त्रालयले तयार गरेको इन्फरमेसन कम्युनिकेसन टेक्नोलोजी (आइसिटी) इन एजुकेसन मास्टर प्लानको कार्यान्वयनको बारेमा सहभागीहरू बिच छलफल भएको थियो।

कार्यक्रममा शिक्षा मन्त्रालय र अन्तरगतका राजपत्राङ्कित अधिकृतहरू काठमाडौं विश्व विद्यालयका प्राध्यापक, सहप्राध्यापकहरू, सहायक प्राध्यापक र युनेस्को काठमाडौंको सहभागिता रहेको थियो।

# विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० जारी

विद्यालयक्षेत्र सुधार योजनाको अवधारणा बमोजिम कक्षा १ देखि कक्षा १२ सम्मको शिक्षालाई पुनर्संरचना गरी विद्यालय शिक्षाको एकीकृत रूप निर्माण गर्ने र नक्साङ्कनको आधारमा दुई वा दुई भन्दा बढी आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि शिक्षा नियमावली, २०५९ को नियम १९२ ङ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले निर्देशिका जारी गरेको छ। नेपाल राज्य भरका सामुदायिक विद्यालयमा लागू हुने गरी तयार गरिएको निर्देशिकामा दुई वा दुई भन्दा बढी विद्यालयहरू एकापसमा गाभ्ने, एकापसमा गाभी नयाँ विद्यालयको स्थापना गर्ने, विद्यालयको तह वा कक्षा घटाउने वा बढाउने वा विद्यालय बन्द गर्ने आधार तथा सो सम्बन्धी कार्यविधिहरू समेत उक्त निर्देशिकामा समावेश गरिएको छ।

# समायोजित कर्मचारीहरूको पदस्थापन अन्तिम चरणमा

निजामती सेवा ऐन २०४९ को तेस्रो संशोधनले साविकको २४ घ १ बमोजिम बढुवा भएका कर्मचारीहरूको लागि समायोजनको व्यवस्था गरेको छ। सोही अनुसार शिक्षा मन्त्रालय र अन्तरगतका निकायवाट यसरी बढुवा भएका कर्मचारीहरूको पदस्थापनको लागि दरबन्दी स्वीकृत भइसकेको छ। यसरी स्वीकृत दरबन्दीमा नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिवस्तरका कर्मचारीहरू जम्मा ३१६ जनाको निजामती सेवा ऐन २०४९ को तेस्रो संशोधन अनुसार पदस्थापन गरिसकिएको छ। यस प्रक्रिया अनुसार अबदेखि ६५ ओटा जिल्ला शिक्षा कार्यालयमा सहायक जिल्ला शिक्षा अधिकारी रहने व्यवस्था गरिएको छ। जिल्ला हेरी एकदेखि सात जनासम्म सहायक जिल्ला शिक्षा अधिकारीको व्यवस्था गरिएको छ। शैक्षिक तालिम केन्द्रमा भने वरिष्ठ प्रशिक्षकको व्यवस्था गरिएको छ। केन्द्रीयस्तरका निकायमा भने थप भएका उपसचिवहरूको केन्द्रीयस्तरका निकायमा उपसचिवहरूलाई दिइएको पदनाम अनुसारकै पद सिर्जना गरिएको छ। म्याग्दी, रुकुम, नुवाकोट, बैतडी, खोटाङ, पाल्पा, जुम्ला, डोटी, इलाम र भोजपुरमा सहायक जिल्ला शिक्षा अधिकारीको व्यवस्था गरिएको छैन। साथै टाइपिस्ट नायव सुब्बा राजपत्रअनङ्कित प्रथम १२, नायव सुब्बा ७८, कम्प्युटर

अधिकृत ४, सामान्य प्रशासन समूह राजपत्राङ्कित तृतीय २५, पुस्तकालय विज्ञान राजपत्राङ्कित द्वितीय र तृतीयका क्रमश ५ र १४ जना समायोजित कर्मचारीहरूको पदस्थापन पनि भईसकेको कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखाले जनाएको छ, भने विद्यालय निरीक्षक २२६ जनाको पदस्थापन हुने क्रममा रहेको छ। यस वर्षपनि साविकको २४ घ १ बमोजिम बढुवा हुने निजामती कर्मचारीहरूको समायोजन पनि योग्यताक्रम कायम गरी निजामती ऐनको तेस्रो संशोधन अनुसार नै गरिने उक्त शाखाले जनाएको छ। यसरी पदस्थापन भएका कर्मचारीहरूले पदस्थापन भएको कार्यालयमा निजामती सेवा ऐनले निर्देशित गरे बमोजिमको अवधि सम्बन्धित कार्यालयमा बिताउनु पर्ने बाध्यात्मक व्यवस्था उक्त तेस्रो संशोधनले गरेको छ।

# प्राथमिक तहका बालबालिकाहरूको सिकाइ प्रवर्धन सम्बन्धी गोष्ठी सम्पन्न

शिक्षा मन्त्रालयको आयोजना तथा रुम टु रिडको सहयोगमा प्राथमिक तहका विद्यार्थीहरूको सिकाइ प्रवर्धन सम्बन्धी एक दिने राष्ट्रिय गोष्ठी मङ्सिर १७ गते होटल समिट, सानेपा, ललितपुरमा सम्पन्न भयो।

दक्षिण एसिया तथा नेपालको सन्दर्भमा पनि प्राथमिक तहका विद्यार्थीहरूको सिकाइको तह सन्तोषजनक छैन । सबैको लागि शिक्षाको ग्लोवल मोनिटोरिङ रिपोर्ट २०१२ ले एसिया प्यासिफिक रिजनका २०० मिलियन प्राथमिक तहका बालबालिकाहरू, जो चार वर्षसम्म विद्यालयमा पढेका छन्, तिनीहरूको पढाइ, लेखाइ तथा गणितीय सिपको तल्लो तहको पनि सिकाइ उपलब्धि नरहेको जनाएको छ। रुम टु रिडको २००९ को अध्ययनले कक्षा २ मा अध्ययनरत ४३ प्रतिसत बालबालिकाले मात्र अक्षरहरू राम्रोसँग पढ्न जानेको देखाएको छ । नेपाल सरकारले यस आर्थिक वर्षमा करिव ८१ अर्व रुपैयाँ शिक्षाको लागि छुट्याएको छ। शिक्षाको कुल बजेट मध्ये प्राथमिक तहमा करिब ६५ प्रतिसत बजेट खर्च हुने गरेको पाइन्छ। प्राथमिक तहका एक बालवालिकाको लागि राज्यले सरदर १४० युएस डलर खर्च गर्ने गरेको छ, तर पनि प्राथमिक तहको सिकाइ उपलब्धि न्यून नै रहेको पाइन्छ। पढाइ सिपमा सुधार नगरी समग्र सिकाइ उपलब्धि हासिल हुन नसक्ने तथ्यलाई मध्यनजर राखेर उक्त गोष्ठीको आयोजना गरिएको हो।

प्रारम्भिक तहमा पढाइ सिपलाई राष्ट्रिय एजेण्डाको रूपमा नीति निर्माताको तहसम्म लैजानु, प्रारम्भिक तहका पढाइ सम्बन्धी रणनीति तथा योजनाहरूको विकासमा योगदान पुऱ्याउनु जस्ता मुख्य उद्देश्य उक्त गोष्ठीको रहेको थियो । गोष्ठीमा शिक्षा मन्त्रालयका योजना महाशाखाका सहसचिव, शिक्षा विभागका महानिर्देशक तथा निर्देशक, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक तथा रुम टु रिडका कन्ट्री डाइरेक्टर, रातो बङ्गला स्कुलका प्रतिनिधिहरूले आफ्नो क्षेत्रसाग सम्बन्धित नीतिगत पक्ष र अनुभवहरू प्रस्तुत गर्नु भएको थियो । प्राध्यापक विद्यानाथ कोइराला लगायतका विज्ञहरूले सिकाइ प्रर्वधनमा संस्कृतिको प्रभाव, पढाइ सिप विकासका चुनौतीहरू तथा भावी दिनमा गर्नुपर्ने कार्यहरूको बारेमा समीक्षात्मक टिप्पणी प्रस्तुत गर्नुभएको थियो । शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विश्व शिक्षा, टिच फर नेपाल, प्याब्सन तथा एनप्याब्सनका सहभागीहरू रहनु भएका उक्त गोष्ठीको समापन शिक्षा मन्त्रालयमा सचिव नारायण गोपाल मलेगोज्यूले गर्नुभएको थियो।

# अध्ययन प्रतिवेदन सार्वजनिक

शिक्षा मन्त्रालयको सहयोगमा फाउण्डेसन फर एजुकेसन चेन्जले Assessing the scope for improving the process, quality and timeliness of school textbook printing and distribution नामक अध्ययन गरेको थियो। उक्त अध्ययन मूलतः पाठ्य पुस्तक छपाई तथा वितरण सम्बन्धी नीतिको पुनरावलोकन गर्ने, पाठ्य पुस्तक छपाई तथा वितरण सम्बन्धी उपयुक्त सुझाव प्रस्तुत गर्ने, पाठ्य पुस्तकको गुणस्तर सुधारको लागि सुझाव प्रस्तुत गर्ने तथा छपाई तथा वितरणको संयन्त्र सुधारको लागि सुझाव प्रस्तुत गर्नु सँग केन्द्रित रहेको थियो। सो अध्ययन नेपालको सबै विकास क्षेत्रको भौगोलिक क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी ११ वटा जिल्लामा गरिएको थियो। कार्यक्रमको आयोजना शिक्षा मन्त्रालयको अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखाले गरेको थियो भने अध्ययन प्रतिवेदनका बारेमा फाउण्डेसन फर एजुकेसन चेन्जले प्रस्तुतीकरण गरेको थियो।

होटल मनाङमा असोज २० गते आयोजित उक्त कार्यक्रममा पाठ्य पुस्तक छपाइ तथा वितरण साग सम्बन्धित निकायहरू शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, जनक शिक्षा सामग्री केन्द्र, निजी पाठ्य पुस्तक छपाइ गर्ने निकायका प्रतिनिधि तथा साझा प्रकाशनका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रममा अध्ययन प्रतिवेदनले औंल्याएका सुझावहरूको कार्यान्वयनको सम्भाव्यताका सन्दर्भमा व्यापक छलफल भएको थियो।

# पुस्तकालय दिवस सम्पन्न

शिक्षा मन्त्रालयको आयोजनामा भाद्र १५ गते छैठौं पुस्तकालय दिवस भव्यताका साथ सम्पन्न गरियो । शिक्षा मन्त्रालयका सचिव नारायण गोपाल मलोगोज्यूको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रमको आदर्शवाक्य "एक गाँउ, एक पुस्तकालय, एक विद्यालय एक पुस्तकालय" रहेको थियो । सो कार्यक्रममा राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय, सार्वजनिक पुस्तकालय तथा विभिन्न सरोकारवाला संस्थाहरूको सहभागिता रहेको थियो । सप्ताहव्यापी रुपमा सञ्चालित पुस्तकालय दिवसमा निबन्ध प्रतियोगिता, पुस्तकालय सम्बन्धी परिसम्बाद, पुस्तकालयहरूको अवलोकन, र्‍याली जस्ता कार्यक्रमहरू गरिएको थियो ।

# शिक्षा मन्त्रालय अन्तर्गतका विभिन्न शाखाबाट सम्पादन भएका कार्यहरू

### १. छात्रवृत्ति शाखा

यस शाखाबाट विदेशमा अध्ययन गर्न चहाने विद्यार्थीहरूको लागि तोकिए बमोजिमको ढाँचामा नो अब्जेक्सन लेटर (No Objection Letter-NOL) दिदै आएकामा यस आर्थिक वर्षको पहिलो चौमासिकमा मात्र नो अब्जेक्सन लेटर लिनेहरूको सङ्ख्या ८,३९८ रहेको छ । उक्त नो अब्जेक्सन लेटर लिनेहरू मध्ये २,९९३ जना विद्यार्थीहरू अष्ट्रेलियाको लागि, २,०७५ विद्यार्थीहरूले जापानको लागि, ५०८ जना विद्यार्थीहरूले भारतको लागि नो अब्जेक्सन लेटर लिएका छन्। यसरी हेर्दा विद्यार्थीहरूको वैदेशिक अध्ययनको पहिलो गन्तव्य अष्ट्रेलिया रहेको देखिन्छ भने स्कटलैण्डको लागि नो अब्जेक्सन लेटर लिनेको सङ्ख्या ज्यादै न्यून देखिन्छ।

गत साउन देखि कार्तिक सम्म नो अब्जेक्सन लेटर लिएका विद्यार्थी तथा देशहरूको विवरण:

| क्र.सं. | देशको नाम | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| १ | अष्ट्रेलिया | २९९३ |
| २ | जापान | २०७५ |
| ३ | भारत | ५०८ |
| ४ | मलेसिया | ४६२ |
| ५ | युएसए | ३६९ |
| ६ | चीन | २८९ |
| ७ | बेलायत | १८६ |
| ८ | जर्मनी | १५७ |
| ९ | नर्वे | १५१ |
| १० | फिनलैण्ड | १४३ |
| ११ | मरिसस | ११३ |
| १२ | अन्य | ९५२ |
| | जम्मा | ८३९८ |

### २. विद्यालय शिक्षा शाखा

शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रमाणीकरण गर्ने कार्य यो शाखाले गर्दै आएकोमा गत चौमासिकमा मात्र २,४०९ जना विद्यार्थीहरूले प्रमाणपत्र प्रमाणीकरण गरेका छन्, त्यस्तै सामुदायिक तथा संस्थागत विद्यालयमा स्वयंसेवकको रूपमा काम गर्न आउने तथा पढ्न आउने विदेशी विद्यार्थी तथा तिनका अभिभावकहरू गरी जम्मा ६४ जना विदेशीहरूको भिसाको सिफारिस यस शाखाले गरेको छ। विद्यालयमा कार्यरत कर्मचारीहरूको सेवा, शर्त र सुविधाको सन्दर्भमा सेवा कानुन निर्माण गर्नको लागि उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा पाच जना सदस्य र दुई जना आमन्त्रित गरी सात जना सदस्य भएको एक समितिको गठन भई कार्यप्रारम्भ भईरहेको छ। राष्ट्रिय शिक्षा दिवस तथा अन्तरराष्ट्रिय साक्षरता दिवस भदौ २३, २०७० बालमैत्री अनिवार्य शिक्षा, ज्ञान र सिपको सुनिश्चितता भन्ने आदर्श वाक्यका साथ यस शाखाबाट विभिन्न कार्यक्रम सहित भव्यताका साथ सम्पन्न भएको छ । सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट विद्याभूषण पदक क, ख, ग, तथा छात्र विद्यापदक वितरण गर्नुभएको थियो । विद्यालयसाग सम्बन्धित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको विभिन्न उजुरी उपर यस शाखाले सर्लाही र पर्सा जिल्लामा छानबिन गरी राय सहितको प्रतिवेदन सम्बन्धित निकायमा पेस गरिसकेको छ।

### ३. उच्च तथा प्राविधिक शिक्षा शाखा

उच्च शिक्षा पढ्न आउने, नेपालमा उच्च शिक्षा अध्यापन गर्न आउने, अध्ययन अनुसन्धान गर्न आउने तथा स्वयंसेवक वा विज्ञको रूपमा आउने विदेशीहरूको लागि तोकिएको आधारमा भिसाको सिफारिस तथा विदेशमा अध्ययन गर्न जाने तथा काममा जाने विद्यार्थीहरूको उच्च शिक्षाको प्रमाणपत्र प्रमाणीकरणको कार्यहरू नियमित रूपमा भइरहेका छन्।

उच्च शिक्षाको व्यवस्थापन अन्तरगत विश्व विद्यालयको सामग्री खरिदको लागि भन्सार छुट्, विदेशी अध्यापकहरूको भिसा सिफारिस लगायतका उच्च शिक्षा व्यवस्थापनसँग सम्बन्धित कार्यहरू, निजी क्षेत्रबाट सञ्चालित प्राविधिक महाविद्यालयहरूको (इन्जिनियरिङ, मेडिकल आदि)मनसाय पत्र, अनुगमन, छात्रवृत्तिमा विद्यार्थी पढाउने जस्ता सम्पूर्ण व्यवस्थापन सम्बन्धी कार्यहरू, वैदेशिक सम्बन्धनमा नेपालमा सञ्चालन गर्ने महाविद्यालयहरूको लागि अनुमति, अनुगमन जस्ता व्यवस्थापकीय कार्यहरू यस शाखाले गर्दै आएको छ।

### ४. शैक्षिक गुणस्तर परीक्षण केन्द्र

कक्षा ८ को विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणको दोस्रो चक्र फाल्गुन मसान्तमा सञ्चालन गर्न उपलब्धि परीक्षा र पृष्ठभूमि सूचनाका साधनहरूको अन्तिम रूप दिने कार्य सम्पन्न भएको छ साथै गत वर्ष सञ्चालित कक्षा ३ र ५ को परीक्षणको तथ्याङ्क विश्लेषण र प्रतिवेदन लेखन कार्य भईरहेको छ र ती परीक्षणको प्रारम्भिक प्राप्तिहरू पनि उपलब्ध भईसकेका छन् । जिल्ला शिक्षा कार्यालय र शैक्षिक तालिम केन्द्रको कार्य सम्पादन परीक्षण (गुणस्तर परीक्षण) कार्यको लागि साधनहरूको परिमार्जनको कार्यहरू भईरहेको छ । शैक्षिक गुणस्तर सम्बन्धी अध्ययन अनुसन्धान तथा शैक्षिक गुणस्तर परीक्षण कार्य गर्न र विश्व विद्यालयसँग समन्वय स्थापित गरी गुणस्तर तथा अनुसन्धान कार्य गर्ने सम्बन्धी निर्देशिका विकास गरी जारी भईसकेको छ।

### ५. निरीक्षण शाखा (जनगुनासो व्यवस्थापन शाखा)

यस मन्त्रालयको अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा अन्तरगतको निरीक्षण तथा जनगुनासो व्यवस्थापन शाखाबाट आर्थिक वर्ष

२०७०/७१ को पहिलो चौमासिकमा २७८ वटा जनगुनासाहरू प्राप्त भएकामा २३७ वटा गुनासोहरूको फछ्यौंट भएको र ४१ वटा जनगुनासोहरूको फछ्यौंटका लागि कार्य सम्पादन भईरहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनगुनासो व्यवस्थापन शाखाबाट अनलाइन मार्फत प्राप्त हुने यस्तो गुनासोहरू मुलभूत रूपमा एसएलसी परीक्षाको उपलब्धि न्यून रहेको, पाठ्य पुस्तकको अभाव भएको, तलब सुविधा कम भएको, सेवा प्रवाह प्रभावकारी नभएको लगायत मातहतका कार्यालयहरूको शिक्षा सम्बन्धी गुनासो तथा एमविविएस छात्रवृत्ति सम्बन्धी गुनासोहरू मुख्य रूपले आउने गरेको पाइन्छ । अनलाईन मार्फत प्राप्त हुने यस्ता जिज्ञासा तथा गुनासाहरूलाई यस शाखाले सम्बन्धित सरोकारवाला कार्यालयहरूलाई पत्राचार गर्ने, निर्देशन दिने तथा सरोकारवाला कार्यालयहरूबाट जिज्ञासा तथा गुनासो सम्बोधनको लागि भएका प्रयासको बारेमा गुनासो राख्ने व्यक्ति तथा निकायलाई पत्राचार तथा टेलिफोनको माध्यमबाट जानकारी गराइ गुनासो फछ्यौंट गर्ने गरिएको छ।

## ६. वैदेशिक सहायता समन्वय शाखा

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनको लागि विश्व बैंक र युरोपियन कमिसनबाट क्रमशः १०० मिलियन र ३१.६ मिलियन युरोको एडिसनल फाइनान्सिङ अनुदान सहयोग सम्झौता सम्पन्न भई कार्यान्वयनमा आएको छ । एसियाली विकास बैंकबाट सिप विकास परियोजनाको लागि २० मिलियन अमेरिकन डलर बराबर अनुदान सहयोग प्राप्त भएको र डिएफआईडिसँग छात्रा शौचालय शीर्षकमा २ मिलियन स्टरलिंङ पाउण्डको लागि सम्झौता हुन यस मन्त्रालयले सहमति प्रदान गरिसकिएको छ। त्यस्तै, जाइकाबाट सिसम२ र युएस एडबाट प्रारम्भिक पढाइ सिप सम्बन्धी कार्यक्रमको लागि सहयोग प्राप्त भएको छ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमको SWAP डकुमेन्टलाई थप २ वर्षका लागि विस्तार गर्न विकास साझेदार तथा सरोकारवाला निकाय समेतको सहभागितामा संयुक्त प्राविधिक सहयोग समिति र विभिन्न शीर्षकमा विषयगत समूह गठन गरी विभिन्न चरणका छलफल र क्षेत्र भ्रमणबाट सङ्कलन गरिएका सुझाव तथा प्रतिक्रियाहरूलाई समेत समावेश गरी विद्यालय क्षेत्र सुधार योजनाको विस्तारित दस्तावेजलाई अन्तिम रूप प्रदान गरिसकिएको छ।

ज्वाइन्ट डाइरेक्ट फण्डिङ एरेन्जमेन्ट अन्तरगतका कार्यक्रमहरू समापनको चरणमा रहेको र यसको लागि प्राविधिक सहयोग प्रदान गरिरहेको एजुकेसन प्रोग्राम सपोर्ट अफिस (इपिएसओ) को अवधि यही डिसेम्बरमा समाप्त हुन लागेकाले सो अन्तरगत सञ्चालित परियोजनाहरू सम्पन्न भई इपिएसओसँग रहेका फिक्स एसेष्टलाई शिक्षा मन्त्रालयमा हस्तान्तरण गर्ने प्रकिया अन्तिम चरणमा पुगेको छ।

नेपालले अन्तरराष्ट्रिय समुदायमा प्रतिबद्धता जनाई कार्यान्वयनमा ल्याएको कार्यक्रम सबैको लागि शिक्षा २००१/१५ को अवधि समाप्त हुन झण्डै २ वर्ष बाँकी रहेकाले यसको समीक्षा गर्न इफा रिभ्यूको राष्ट्रिय समन्वय समितिको गठन भई विभिन्न चरणमा छलफल भईरहेको छ।

## ७. अनुगमन तथा मूल्याङ्कन शाखा

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास तालिम साउन र भदौ महिनामा सञ्चालन गरिएको थियो। अनुगमनको सूचकहरूको विकास, अनुगमनको योजना तयारी, प्रतिवेदनको तयारी तथा कार्यान्वयनमा केन्द्रित तालिममा जम्मा ५१ जना सहभागीहरू रहनुभएको थियो। मध्यमाञ्चलको हेटौंडा, पश्चिमाञ्चलको पोखरा र मध्यपश्चिमाञ्चलको नेपालगन्जमा सञ्चालित उक्त तालिममा पैतालिस जिल्लाका कार्यक्रम, अनुगमन तथा योजना हेर्ने अधिकृतहरूको सहभागिता रहेको थियो। साथै तिनओटै विकास क्षेत्रका क्षेत्रीय शिक्षा निर्देशनालयको पनि सहभागिता रहेको थियो।

यस शाखाबाट गोरखा, नवलपरासी, रुपन्देही, कपिलवस्तु जिल्लाका गरी जम्मा छ ओटा विद्यालयमा नतिजामूलक अनुगमन गरिएको थियो । कार्यक्रमहरू तोकिएको प्रक्रिया, बजेट र समयमा सञ्चालन भए, नभएको माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा हासिल गरेको नतिजाको आधारमा जिल्लास्तरमा उत्कृष्ट नतिजा र कमजोर नतिजा हासिल गर्ने विद्यालयमा सरोकारवालासँग अन्तरक्रिया गरी भावी दिनमा राम्रो नतिजा हासिल गर्न सम्बन्धित निकायलाई स्थलगत रूपमा पृष्ठपोषण दिने, जिल्लास्थित शैक्षिक निकायबाट प्रवाह हुने शैक्षिक सेवा सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया सञ्चालन गर्ने र पृष्ठपोषण लिने तथा स्थानीयस्तरमा समाधान हुन नसक्ने कुराहरू आवश्यक निर्देशनको लागि माथिल्लो निकायलाई सुझाव पेश गर्ने मुख्य उद्देश्य उक्त अनुगमनको रहेको थियो।

अनुगमनको क्रममा जिल्ला शिक्षा कार्यालय तथा विद्यालयहरूको स्थलगत निरीक्षण गरिनुको साथै जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरूसाग छलफल तथा अन्तरक्रिया गरिएको थियो।

अन्तरक्रियाबाट प्राप्त निष्कर्षको आधारमा दरबन्दी मिलान कार्यलाई पूर्णता दिने, सबै शिक्षकहरूको बैंक खाता खोल्ने कामलाई पूर्णता दिने, विद्यालयमा जाने सबै प्रकारका निकासाहरूको विवरण खोली विद्यालयमा पत्र पठाउने, शिक्षक अभिलेख तथा लेखा व्यवस्थापनको लागि सफ्टवेयरको प्रयोग गर्नु पर्ने, विद्यालय सुधारका लागि कार्ययोजना बनाउन दिइएकामा त्यसको अनुगमन हुनुपर्ने, हालका उपलब्धिलाई आधार मानी आगामी योजना बनाई अगाडि जानु पर्ने, विद्यालय व्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्नु पर्ने, कक्षा दसका विद्यार्थीहरूको लागि अतिरिक्त कक्षाहरूको व्यवस्था हुनु पर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको थियो। साथै, शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयहरूलाई पनि सुधारका लागि सुझावहरू प्रस्तुत गरिएको छ।

## ८. नीति निर्धारण समितिको सचिवालय

नीति निर्धारण समितिको सचिवालयबाट छरिएर रहेका नीतिहरूलाई एकिकृत गर्ने उद्देश्यले ऐन, नीतिहरूको सूचिकृत पुस्तक तयार गरिएको छ। पुस्तकको विज्ञ, सरोकारवाला एवम् प्रयोगकर्ताहरू बिच गत भदौ महिनामा प्रबोधिकरण भई सुझावहरू समेत संकलन भएसकेको छ। प्राप्त सुझावहरूको आधारमा एकिकृत शिक्षा नीति तयार गर्ने उद्देश्य अनुरुप छरिएर रहेका विभिन्न शैक्षिक नीति एकिकृत कार्यक्रम स्वीकृत भई कार्य प्रारम्भ भईरहेको छ । नीति निर्धारण र तिनको प्रभावकारी कार्यान्वयनका लागि क्षेत्रीयस्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरी प्रतिवेदन तयारीको कार्य अगाडि बढिरहेको छ।

नीति निर्धारण समितिको सचिवालय अन्तरगतकै सिप विकास परियोजनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति तथा संस्थागत सुधारको लागि मार्गचित्र तयार गर्न नीति निर्धारण समितिको सचिवालयका उपसचिव नहकुल बाानीया संयोजकत्वमा वैदेशिक सहायता समन्वय शाखा, नीति विश्लेषण तथा कार्यक्रम शाखाका प्रमुख र प्राविधिक शिक्षाका तिन जना विषय विज्ञ सहितको छ सदस्यीय एक समितिको गठन भइ सो समितिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति तथा संस्थागत सुधारको लागि मार्गचित्र तयारीको कार्यारम्भ गरिरहेको छ । त्यस्तै सिप विकास परियोजना अन्तरगत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको विकासको लागि नीति निर्धारण समितिको सचिवालयका उपसचिवको संयोजकत्वमा छ फण्ड बोर्ड सदस्यीय गठन भएको छ।

# छात्रवृत्ति शाखाको अनुरोध

**नो अब्जेक्सन लेटर लिन आउने विद्यार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू:**

नो अब्जेक्सन लेटर तथा वैदेशिक मुद्रा सटही सुविधा सिफारिस पत्र प्राप्त गर्नको लागि निम्न कागजातहरूको सक्कल सहित एकएक प्रति नक्कल छात्रवृत्ति शाखामा अनिवार्यरूपमा पेस गर्नुपर्ने छ । सक्कल नभएको अवस्थामा नोटरी पब्लिकबाट रीत पूर्वक प्रमाणीत गरिएको कागजात पेस गर्नुपर्ने छ।

**आवश्यक कागजातहरू**

१. नेपाली नागरिकता
२. जुन तह अध्ययन गर्न जाने हो सो तह भन्दा एक तह मुनिको ट्रान्सक्रिप्ट वा उत्तीर्ण प्रमाण पत्र तथा विदेशी प्रमाणपत्रको हकमा ट्रान्सक्रिप्टका अतिरिक्त पास सर्टिफिकेट, डिग्री सर्टिफिकेट, प्रोभिजनल सर्टिफिकेट तथा माइग्रेसन सर्टिफिकेट
३. एमबिबिएस र बिडिएस वा सो सरहको तह वा विषय अध्ययन गर्न जानको लागि नेपाल मेडिकल काउन्सिलको इलिजीबिलिटी सर्टिफिकेटको सक्कलै प्रति
४. एमडि/एमएस/एमडिएस वा सो सरहको प्रवेश परीक्षाको लागि इन्टर्नसिप कम्प्लिसन सर्टिफिकेट र मेडिकल काउन्सिल रजिष्ट्रेसन सर्टिफिकेट
५. एमडि/एमएस/एमडिएस वा सो सरहको तह वा विषय अध्ययन गर्न जानको लागि नेपाल मेडिकल काउन्सिलको इलिजीबिलिटी सर्टिफिकेट, इन्टर्नसिप कम्प्लिसन सर्टिफिकेट र मेडिकल काउन्सिल रजिष्ट्रेसन सर्टिफिकेट
६. अभिभावकले प्रमाणपत्र पेस गर्न आएमा अभिभावकको नागरिकताको सक्कल वा प्रमाणित प्रतिलिपि
७. शैक्षिक प्रमाण पत्र वा नागरिकताको प्रमाणपत्रमा नाम, थर फरक भएमा नागरिकता प्रदान गर्ने जिल्ला प्रशासन कार्यालयले निज एउटै व्यक्ति हो भनी प्रमाणित गरिदिएको सिफारिस
८. विवाहको कारणले थर फरक पर्न गएमा विवाह दर्ताको प्रमाणपत्र

एक भन्दा बढी विषय, तह, र अध्ययन संस्थाका लागि अध्ययन स्वीकृति पत्र बनाउन चाहनेले प्रत्येकका लागि छुट्टाछुट्टै फाराम र राजश्व समेत बुझाउनु पर्नेछ।

आइतबारदेखि बिहीबार १२ बजे सम्म मात्र आवेदन फारम दर्ता गरिने र शुक्रबारको दिन ११:३० बजे सम्म फाराम दर्ता गर्न सकिनेछ। सबै प्रकिया पुरा गरेको आवेदन फारमको नो अब्जेक्सन लेटर सोही दिन वितरण गरिनेछ।

विदेशमा एमडि/एमएस/एमडिएस वा सो सरहको प्रवेश परीक्षामा सहभागी हुन चाहने इर्न्टनसिप पुरा नगरेका विद्यार्थीहरूको सन्दर्भमा नेपाल मेडिकल काउन्सिलबाट इन्टर्नसिप कोर्ष एमबिबिएस कार्यक्रमको अभिन्न अङ्ग भएको र एक वर्षको इन्टर्नसिप पुरा गरेपछि पनि नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र उत्तीर्ण गरेकाले मात्र अस्थायी दर्ता पाउने र सो दर्ता भएपछि मात्र उच्च शिक्षाको लागि योग्य हुने व्यहोरा प्राप्त भएको अवस्थामा यस मन्त्रालयको २०६९ असोज १२ गतेको निर्णयानुसार एमड/एमएस/एमडिएसको प्रवेश परीक्षाको लागि देहाय बमोजिमको कागजातहरू पेस गरेको अवस्थामा मात्र नो अब्जेक्सन लेटर प्रदान गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरू:**

- विद्यार्थीको नेपाली नागरिकताको प्रमाण पत्र
- एमबिबिएस वा सो सरह उत्तीर्ण गरेको प्रमाण पत्र, इन्टर्नसिप कम्प्लिसन सर्टिफिकेट र मेडिकल काउन्सिल रजिष्ट्रेसन सर्टिफिकेट

★

# अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखाको अनुरोध

शिक्षा मन्त्रालयले यो आर्थिक वर्षदेखि शैक्षिक समाचार चौमासिक रूपमा प्रकाशन गर्नशुरु गरेको छ । शिक्षाका महत्त्वपूर्ण नीतिगत निर्णयहरू, प्रगति प्रतिवेदन, शिक्षासाग सम्बन्धित सूचनाहरू तथा भए गरेका असल अभ्यासहरूलाई शैक्षिक समाचारमा स्थान दिने निर्णय भएकाले भए गरेका असल अभ्यासहरूलाई यस मन्त्रालयको अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखामा आइपुग्ने गरी पठाइदिनु हुन सबै सरोकारवालाहरूलाई अनुरोध छ। तपाईहरूको सहयोगले नै यो बुलेटिन अझै सङ्ग्रहनीय हुने यो शाखाले अपेक्षा राखेको छ।

# शिक्षा मन्त्रालयको आर्थिक वर्ष २०७०।७१ को प्रथम चौमासिक प्रगति विवरण

## आर्थिक वर्ष २०७०।७१ को प्रथम चौमासिक प्रगति विवरण

| क.सं. | कार्यालय/आयोजना तथा कार्यक्रम | बजेट शिर्षक | प्रथम चौमासिक विवरण प्रतिसत | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय |
| १. | शिक्षा विभाग<br>- विद्यालय क्षेत्र सुधार कार्यक्रम केन्द्रस्तर<br>- विद्यालय क्षेत्र सुधार कार्यक्रम जिल्लास्तर<br>दोस्रो उच्च शिक्षा परियोजना | ३५०१२१<br>३५१०३३ | ४३.०८<br>८०.० | २१.४२<br>७६.५० |
| २. | शैक्षिक जनशक्ती विकास केन्द्र केन्द्रस्तर शैक्षिक ,,<br>,,, जिल्लास्तर | ३५०१२१<br>- | ९६.७८ | २९.८६ |
| ३. | अनौपचारिक शिक्षा केन्द्र<br>अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान | ३५०११२ | ८८.१९ | ७०.०० |
| ४. | परीक्षा नियन्त्रण कार्यालय | ३५०१२१३ | ८३.८९ | १३.१० |
| ५. | शिक्षक सेवा आयोग | ३५००२०<br>३५००२०३ | ६९.३१ | ६९.३१ |
| ६. | विद्यालय शिक्षक किताबखाना<br>विद्यालय ,, ,, | ३५००२२४<br>३५००२२३ | ८३.३३<br>५५.५० | ८८.२२<br>४२.७६ |
| ७. | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ३५०१२१ | ५५ | ०.०० |
| ८. | पाठ्यक्रम विकास केन्द्र<br>विद्यालय क्षेत्र सुधार कार्यक्रम (केन्द्रस्तर) | ३५०१२१ | २५ | ०.०३ |
| ९. | उच्च माध्यमिक शिक्षा परिषद् | ३५०१०८ | ८३.७२ | ४५.०१ |
| १०. | विश्वविद्यालय अनुदान आयोग<br>- दोस्रो उच्च शिक्षा परियोजना | ३५००१९<br>३५०११६ | ७४.१२<br>३४.४१ | ८४.५७<br>२७.४७ |
| ११. | व्यावसायिक शिक्षा तथा तलिम अभिवृद्धि परियोजना | - | ७५.६० | ६५.८३ |
| १२. | नेपाल राष्ट्रिय पुस्तकालय | ३५००२५३<br>३५००२५४ | १०० | १०० |
| १३. | केशर पुस्तकालय | ३५००२५३<br>३५००२५४ | १०५ | १०५.६६ |
| १४. | प्राविधिक शिक्षा तथा व्या.तालिम परिषद्केन्द्र शिक्षालय | ३५०१०९ | नखुलेको | नखुलेको |
| १५. | डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय | | ८७ | ९७ |
| १६. | जनक शिक्षा सामग्री केन्द्र | | प्रगतिप्राप्त नभएको | प्रगतिप्राप्त नभएको |
| १७. | शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना | ३४०११३३<br>३५०११३४ | नखुलेको | नखुलेको |


| सल्लाहकार | सम्पादन मण्डल | प्रकाशक |
|---|---|---|
| श्री खगराज बराल | श्री बसन्तप्रसाद कोइराला<br>श्री गोविन्द पनेरु<br>श्री निर्मला निरौला<br>श्री सुलोचना पराजुली | नेपाल सरकार<br>शिक्षा मन्त्रालय<br>सिंहदरबार, काठमाडौं |



सम्पर्क: फोन नं. ०१-४२००३८७ (अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा), वेबसाइट : www.moe.gov.np

पत्राचारको लागि ठेगाना :

शिक्षा मन्त्रालय

(अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा)

सिंह दरबार, काठमाडौं ।

फोन न. ०१-४२००३८७, फ्याक्स नं. ०१-४२००३४, इमेलः infomoe@moe.gov.np